महाबु गाउँपालिकाका अध्यक्ष जंग बहादुर शाहीज्युले **गाउँ सभाको १९ औ अधिवेशनमा** प्रस्तुत गर्नु भएको

# महाबु गाउँपालिकाको **आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम**

**महाबु गाउँपालिका**
गैडाबाज दैलेख
२०८३ असार ७ गते

सर्वप्रथम यस सम्मानित सभामा उपस्थित जिल्ला समन्वय प्रमुखज्यू, गाउँसभाका सदस्यज्युहरु, गाउँसभाका सचिवज्यु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, पत्रकारज्युहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई यस गरीमामय सभामा हार्दिक स्वागत गर्दै उपस्थितिको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम महाबु गाउँपालिकाको यस सम्मानित गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका वलिदानीपूर्ण सङ्घर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। जनहित र अग्रगमनका लागि योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं। हामी अहिले समाजवादउन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाका साथ अगाडि बढिरहेका छौं। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम जनताले उत्कृष्ट तहको स्वतन्त्रताको उपभोग गर्दै आफ्नो अधिकार प्रयोग गरिरहेको वर्तमान अवस्था सिर्जनाका लागि इतिहासका विभिन्न कालखण्डमा बलिदान गर्नुहुने महान् योद्धाहरू, घाइते तथा अपाङ्ग योद्धाहरू, बेपत्ता योद्धाहरू, स्वतन्त्रता सेनानीहरू तथा सम्पूर्ण आम जनसमुदायमा उच्च सम्मानसहित हार्दिक आभार व्यक्त गर्दछौं।

विकेन्द्रीकरणको उत्कृष्ट नमुनाका रूपमा रहेको तीन तहको सङ्घीय व्यवस्थाअन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरू अहिले आ-आफ्नो क्षेत्राधिकारमा रही बजेट निर्माणका लागि जुटिरहेको अवस्था छ। ठुलो बलिदान र सङ्घर्षपश्चात् प्राप्त वर्तमान व्यवस्थामा पनि विकास र सुशासनका सवालमा जनतामा व्यापक निराशा र आक्रोश बढ्दो अवस्थामा छ भने व्यवस्थाको विकल्प खोजिनुपर्छ भन्ने संविधानविरोधी आवाजहरू संसदेखि सडकसम्मै देखिन थालेका छन्। सबै तहका सरकारहरूले आ-आफ्नो तहबाट जनआकाङ्क्षा पूरा गर्ने कार्य गर्नु अहिलेको परम आवश्यकता हो।

व्यवस्था परिवर्तन भयो तर जनताको अवस्थामा परिवर्तन भएन भन्ने मत बढ्दै गइरहेको वर्तमान अवस्थामा वास्तविक रूपमा जनताको जीवनस्तर उकास्ने र जनताका आकाङ्क्षा पूरा गर्ने कुरामा केन्द्रित हुनु सबै तहका सरकारहरूको पहिलो कर्तव्य हो। पुरानो सामाजिक संरचना परिवर्तन हुँदै डिजिटल समाजको अवधारणा बमोजिम नयाँ सामाजिक मूल्य-मान्यताको स्थापना हुँदै

गइरहेको सन्दर्भमा सामाजिक अवसर तथा चुनौतीहरू समेत नवीन ढङ्गले अगाडि आएका छन्। सामाजिक सञ्जालमा आधारित नयाँ समाजमा उत्पन्न चुनौतीहरूलाई अवसरमा बदल्दै त्यही किसिमको मूल्यको विकास गरिनु आवश्यक भइसकेको छ।
संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य जिम्मेवारी हुन्। परम्परागत सामाजिक मूल्य र संरचनामा आएको परिवर्तनसँगै हाम्रो सेवा प्रवाहमा चुस्तता, प्रभावकारिता, पारदर्शिता प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्न सकिएन भने युग अनुसारको सेवा प्रवाह हुन नसकनेतर्फ समेत सचेत हुनुपर्ने अवस्था छ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**

नेपाली जनताको लामो बलिदानीपूर्ण संघर्षको परिणामस्वरूप मुलुकमा करिब अढाई सय वर्ष लामो एकतन्त्रीय शासन व्यवस्थाको अन्त्य भई संविधानसभामार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको हो। जनचाहना अनुसार मुलुकको सर्वाङ्गीण विकास, सामाजिक न्याय तथा राज्यसत्तामा जनताको प्रत्यक्ष पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ नेपालको संविधान, २०७२ जारी भयो। संविधान अनुसार स्थापित स्थानीय तहको पहिलो निर्वाचन २०७४ मा सम्पन्न भएपछि हामीले स्थानीय सरकारको जिम्मेवारी सम्हाल्यौं।

हामी सबैलाई स्मरण छ, त्यतिबेला महाबु गाउँपालिका पूर्णतः नयाँ संरचनाको रूपमा स्थापना भएको थियो। कार्यालय व्यवस्थापनको समस्या, कर्मचारी अभाव, आवश्यक ऐन, नियम तथा कार्यविधिको कमी, विकासका आधारभूत संरचनाको अभाव जस्ता चुनौतीहरू विद्यमान थिए। यस्तो विषम परिस्थितिमा पालिका सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गर्दै पहिलो गाउँसभामार्फत **"समृद्ध महाबु, सुखी महाबुवासी"** भन्ने मूल नारालाई आत्मसात गरी सुशासन, सामाजिक रूपान्तरण तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर अगाडि बढ्यौं।

आज १९औं गाउँ अधिवेशनको पूर्वसन्ध्यामा आइपुग्दा विभिन्न क्षेत्रमा हासिल भएका प्रमुख उपलब्धिहरू निम्नानुसार प्रस्तुत गर्न चाहन्छु :

## १. सडक पूर्वाधार

- हालसम्म गाउँपालिका केन्द्रलाई जोड्ने सबै प्रमुख सडक निर्माण भई स्तरोन्नतिको कार्य निरन्तर भइरहेको छ।
- टोलदेखि वडा केन्द्रसम्म सडक पहुँच विस्तार गरिएको छ र करिब **३५० किलोमिटर कच्ची सडक** निर्माण गरिएको छ।

- **ताराघाट सडक पुल** निर्माण सम्पन्न भएको छ भने **दारेघाट, वासी—गीताचौर तथा रवटखोला पुल** निर्माणाधीन अवस्थामा रहेका छन्।
- **टाकुरीखोला र बालिसेरा पुल** सहरी विकास मन्त्रालयमार्फत कार्यान्वयनको चरणमा रहेका छन्।
- हालसम्म करिब **२० वटा झोलुङ्गे पुल** निर्माण सम्पन्न भएका छन्।

## २. स्वास्थ्य

- तत्कालीन अवस्थामा केवल **५ वटा स्वास्थ्य संस्था** मात्र सञ्चालनमा रहेको अवस्थामा नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न थप **५ वटा सामुदायिक स्वास्थ्य इकाइ तथा महाबु अस्पताल सञ्चालनमा ल्याइएको छ।**
- सबै स्वास्थ्य संस्थामा भवन निर्माण, आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको छ।

## ३. शिक्षा

- विगतमा विद्यालय स्थापना भए पनि शिक्षक व्यवस्थापन नहुँदा शैक्षिक गुणस्तर प्रभावित भएको अवस्था थियो।
- हाल **३५ वटै विद्यालयमा शिक्षक व्यवस्थापन**, पक्की भवन, शौचालय, खानेपानी, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि (ICT), फर्निचर, ई—हाजिरी तथा डिजिटल बोर्डमार्फत शिक्षण सिकाइको व्यवस्था गरिएको छ।

## ४. खानेपानी तथा सरसफाइ

- नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन **६१ वटा खानेपानी आयोजना** निर्माण गरी "एक घर, एक धारा" कार्यक्रम कार्यान्वयन गरिएको छ।
- हाल करिब **८५ प्रतिशत घरधुरीमा सुरक्षित खानेपानीको पहुँच पुगेको** छ।
- **वृहत् महाबु खानेपानी आयोजना तथा लिउडे खानेपानी आयोजना** निर्माणाधीन अवस्थामा रहेका छन्। यी आयोजना सम्पन्न भएपछि खानेपानी समस्या पूर्ण रूपमा समाधान हुने अपेक्षा गरिएको छ।

## ५. विद्युत

- गाउँपालिकाका अधिकांश बस्तीमा विद्युत सेवा विस्तार गरिएको छ। केही दुर्गम स्थान बाहेक **६ वटै वडामा विद्युत सेवा पुगेको** अवस्था छ।

## ६. कृषि तथा पशुपन्छी

- महाबुका अधिकांश नागरिक कृषि पेशामा आधारित भएकाले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकतामा राखिएको छ।
- कृषि तथा पशुपन्छी समूह र सहकारी गठन तथा दर्ता गरी अभिमुखीकरण सञ्चालन गरिएको छ।
- उन्नत बीउ, कृषि सामग्री, गाईभैंसी, भेडाबाख्रा तथा कुखुरा वितरण गरिएको छ।

- धेरै घरधुरीमा गोठ सुधार, खोर निर्माण तथा **"एक घर, एक करेसाबारी" अभियान** अनिवार्य रूपमा सञ्चालन गरिएको छ।
- कृषि उत्पादन वृद्धि गर्न सिँचाइ कुलो, लिफ्ट सिँचाइ तथा सिँचाइ पोखरी निर्माण गरी सिँचाइ सुविधाको विस्तार गरिएको छ।
- विभिन्न स्थानमा कृषि उपज सङ्कलन केन्द्रहरू निर्माण गरिएका छन्।

## ७. पर्यटन

- महाबु गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना बोकेको क्षेत्र हो।
- हालसम्म ६ वटै वडाका प्रमुख धार्मिक स्थल तथा मन्दिरहरूको निर्माण तथा संरक्षण कार्य सम्पन्न भएको छ।
- **महाबु गाथ, महावै गाथ, मालिकामाई, ताउलाखार गुफा र गीताचौर शिवालय** लगायतका पर्यटकीय स्थलहरूको पूर्वाधार विकास, संरक्षण तथा प्रवर्द्धनका कार्यहरू सम्पन्न भएका छन्।

## ८. वन, वातावरण तथा जलवायु परिवर्तन

- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न गाउँपालिकाभित्रका सामुदायिक वनहरूलाई संस्थागत गर्दै संरक्षण तथा व्यवस्थापन गरिएको छ।
- वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, मुहान संरक्षण, भूक्षय नियन्त्रण तथा जैविक विविधता संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन्।

## ९. संस्थागत विकास तथा सुशासन

- गाउँपालिका केन्द्र गैडाबाजबाट ६ वटै वडामा प्रशासनिक सेवा प्रवाह भइरहेको छ।
- सूचना प्रविधिको प्रयोगमार्फत डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ।
- वडा नं. ६ बाहेक अन्य सबै वडामा वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन्।

## १०. सामाजिक रूपान्तरण

- समाजमा विद्यमान **छाउपडी प्रथा, छुवाछुत, बालविवाह, लागुऔषध दुर्व्यसन** लगायतका कुप्रथाको न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक तथा सुधारात्मक कार्यक्रम सञ्चालन गरिएका छन्।

**गाउँसभाका सदस्यज्यूहरु,**

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समुन्नत महाबुः सुखी**

**महाबुबासी**को दिर्घकालिन सोच सार्वजनिक, विकास साझेदारहरु र समुदायको साझेदारी मार्फत हासिल गरिनेछ ।
महाबुबासीको परिवर्तनको चाहना एवं विकास र समृद्धिको सपनालाई सार्थक बनाउन विगतलाई समिक्षा गर्दै आगामी दिनको लागि मार्गनिर्देश गर्नेछ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकासद्वारा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षासंग हातेमालो गर्दै **समुन्नत महाबुः सुखी महाबुबासी** बनाउन अगाडी बढ्ने आधार तयार भएको छ । **"सामाजिक, आर्थिक, पूर्वाधार र संस्थागत क्षेत्रको विकास गरी प्रविधिमैत्री एंव सुशासनयुक्त समुन्नत महाबु निर्माणको आधार"** भन्ने मूल लक्ष्यका साथ नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रद्धत्त अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधान, १६ औ आवधिक योजना, महाबु गाउँपालिकाको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, दिर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसंग तादम्यता हुने गरी महाबु गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलव्धता, संस्थागत क्षमता समेतको आधारमा आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तय गर्ने प्रयास गरिएको छ ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न सरकारको रूपमा स्थापित गरी कानून निर्माण, योजना तर्जुमा, कर संकलन तथा विकास कार्यक्रम सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ। महाबु गाउँपालिकाका सबै वडामा सडक पहुँच विस्तार भई कृषि तथा अन्य उत्पादनको बजार पहुँच बढेको छ। संघ तथा प्रदेश सरकारको सहयोग, दातृ निकाय तथा साझेदार संघ संस्थाहरुको सहयोग,सक्रिय नागरिक समाज, सहकारी, कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह तथा निजी क्षेत्रको सहभागिता गाउँपालिकाका महत्वपूर्ण अवसरहरू हुन्। साथै कृषि, पशुपालन, वन, जडीबुटी, जैविक विविधता, धार्मिक तथा पर्यटकीय सम्पदा, प्राकृतिक सौन्दर्य र उपलब्ध मानव स्रोत गाउँपालिकाको समृद्धिका प्रमुख आधारहरू रहेका छन्।

रोजगारमुखी तथा सीपमूलक शिक्षाको विकास, कृषि उत्पादनका लागि गुणस्तरीय बीउबिजन, मलखाद तथा बजार सूचना समयमै उपलब्ध गराउनु, युवाहरूलाई कृषि तथा उद्यमशीलतामा आकर्षित गर्नु र वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप तथा पुँजीको उपयोग गर्नु प्रमुख चुनौतीहरू रहेका छन्। त्यसैगरी पूर्वाधारको दिगो मर्मत सम्भार, वैज्ञानिक भू—उपयोग योजना कार्यान्वयन, अव्यवस्थित बस्ती विस्तार नियन्त्रण, विपद् जोखिम व्यवस्थापन, सञ्चार सेवाको गुणस्तर सुधार तथा सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन पनि गाउँपालिकाका महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन्।अवसरहरूको अधिकतम उपयोग र चुनौतीहरूको प्रभावकारी व्यवस्थापनमार्फत **“समृद्ध महाबु, सुखी महाबुवासी”** को लक्ष्य हासिल गरिनेछ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक** वर्ष २०८३/०८४ को लागि महाबु गाउँपालिकाले अबलम्बन गरिने मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**
**आर्थिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## क) कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति

१. महाबु गाउँपालिकामा रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्न किसानहरूलाई स्थानीय स्तरमा उत्पादित रैथाने बीउबिजन वितरण गर्ने व्यवस्था गरिँदै लगिनेछ। साथै, किसानबाटै स्थानीय बीउ उत्पादन गराई पालिका स्तरीय बीउ बैंकको संकलन तथा निरन्तर व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

२. "**एक वडा-एक कृषि उत्पादन कार्यक्रम**"लाई व्यवस्थित गर्दै कृषि उत्पादकत्व वृद्धि गर्न यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, फलफूल, खाद्यान्न बाली, दूध तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिइनेछ। साथै, विकास साझेदारहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कृषि सेवाको विस्तार गरिँदै लगिनेछ।

३. स्थानीय रैथाने बालीको प्रवर्द्धन तथा बेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहन गर्न माटो परीक्षण मिनी ल्याबको निरन्तर सञ्चालन गरिनेछ। रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै गोठेमल सुधार तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. कृषि योग्य जमिन बाँझो राख्न नपाइने व्यवस्थालाई प्रभावकारी बनाउँदै खाली जमिनमा व्यावसायिक खेतीमार्फत उत्पादन वृद्धि गरिनेछ। गाउँपालिकाका ६ वटै वडाका उत्कृष्ट कृषकहरूको पहिचान गरी तरकारीका बीउ, अदुवा, बेसार, लसुन, प्याज तथा फलफूल खेतीका लागि बीउ अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। साथै, उत्पादित कृषिवस्तुको बजारीकरण तथा मुल्यश्रृखलाको लागि विभिन्न साझेदार संस्थाहरुको सहयोगमा कृषक समुह र व्यवसायीहरु बिच बजार सम्बन्ध सम्बन्धी सम्झौता गर्ने व्यवस्था समेत मिलाइनेछ।

५. जलवायु तथा वातावरणमैत्री कृषि उत्पादनलाई प्रोत्साहन गर्न महाबु गाउँपालिका, साहस नेपाल, जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना तथा अन्य विकास साझेदार एवं गैरसरकारी संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। साथै, बहुउपयोगी कृषि योजना कार्यान्वयनमा ल्याइनेछ।

६. विभिन्न रोग, प्राकृतिक विपद् तथा बदेल आतंकका कारण कृषि बालीमा हुने क्षति र कृषकहरूमा पर्ने असरलाई न्यूनीकरण गर्न कृषक विपद् राहत कार्यक्रम सञ्चालनका

लागि **“अध्यक्ष कृषक कल्याण कोष”** स्थापना तथा सञ्चालन गरिनेछ। साथै, रोग नियन्त्रणका लागि कृषकहरूलाई निःशुल्क औषधि वितरण गरिनेछ।

७. **"प्रत्येक घरमा फलफुल र तरकारी, बाझो जमिनमा खेतिः भरौ भकारी"** भन्ने मुल नाराका तय गरि पालिका, बिकास साझेदारहरु सँग साझा अभियान सञ्चालन गरि **“बाँझो जमिनः खेति अभियान”** कार्यक्रम सञ्चालन गरिने छ । साथै घरबारी बगैचा **(Home Garden)** कार्यक्रमलाई समेत प्रभावकारी रूपमा कार्यान्वयन गरिने नीति लिइनेछ।

८. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणका पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ ।

९. पशु स्वास्थ्य उपचारका लागि आवश्यक विभिन्न खोप सेवाहरूलाई अभियानका रूपमा सञ्चालन गर्दै गाउँपालिकाका ६ वटै वडामा सेवा विस्तार गर्दिँदै लगिनेछ।

१०. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत बिरामी पशुको उपचार, रोगनिरोधक खोप तथा महामारी नियन्त्रण कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ। साथै, सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रहरूमा निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिकामा रहेका उत्कृष्ट तथा सक्रिय कृषकहरूलाई अन्तरजिल्ला अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी गराई कृषि तथा पशुपालनका नवीन प्रविधि, सीप तथा वैज्ञानिक अभ्यास भित्र्याइनेछ । साथै, पालिका स्तरीय कृषि प्रदर्शनीमेला तथा हाटबजारको आयोजना गरी उत्कृष्ट कृषकलाई वार्षिक रूपमा पुरस्कार, सम्मान तथा अनुदानमा आधारित कृषि औजार-उपकरण उपलब्ध गराइनेछ। यस अन्तर्गत मिनी (४ HP) हाते ट्र्याक्टर, कम्बाइन मिल तथा मकै छोडाउने मेसिन लगायतका उपकरण वितरण गरिनेछ।

१२. महाबु गाउँपालिका क्षेत्रबाट प्रचलित कानूनले निषेध गरेका बाहेकका अवस्थामा गाउँपालिकाको पूर्व स्वीकृति बिना पशुचौपायाको निकासी गर्न नपाइने नीति लिइनेछ।

१३. कृषि तथा पशु विमालाई व्यवस्थित गर्नलाई कृषकहरुलाई प्रोत्सहान गरिनेछ ।

## ख) लघु, घरेलु उद्योग तथा वाणिज्य सम्बन्धी नीति

**१.** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दा **मेडपा निर्देशिका, २०७७** बमोजिम लघुउद्यम विकासका विभिन्न मोडलहरू अवलम्बन गरी उद्यम विकाससम्बन्धी सेवाहरू एकीकृत रूपमा प्रदान गरिनेछ।

**२.** स्थानीय स्रोतसाधनको उपलब्धता तथा जनचाहनामा आधारित उद्यम स्थापना, विकास र उद्यमीहरूको स्तरोन्नति गरिनुका साथै युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख बनाउन स्थानीय ज्ञान, सीप र प्रविधिसँग जोडिने कार्यक्रम सञ्चालन गरिनेछ। साथै, **"उपाध्यक्ष किशोरकिशोरी उद्यमशीलता कार्यक्रम"** सञ्चालनमा ल्याइनेछ।

**३.** उद्यमशीलताको विकास गरी दक्ष लघु उद्यमी तयार गर्न विभिन्न प्रकारका सीपमूलक तालिम, स्तरोन्नति तालिम तथा पुनर्ताजगी (रिफ्रेसर) तालिमहरू सञ्चालन गरिनेछन्।

४. उद्यमीहरूले उत्पादन गरेका ढाका, होजियारी तथा अल्लोका सामग्री, दुनाटपरी, दालमोठ, अगरबत्ती तथा बाँस निगालोबाट निर्मित डोको, स्याकु, डालो, सुपो लगायतका सामग्रीहरूको बजारीकरणमा विशेष जोड दिइनेछ। साथै, स्थानीय उत्पादनको प्रवर्द्धनका लागि **कोसेली घर** अवधारणालाई कार्यान्वयन तथा सञ्चालनमा ल्याउन विशेष पहल गरिनेछ।

**५.** उपभोक्ता हित संरक्षणका लागि सम्बन्धित सरोकारवाला निकायहरूसँगको समन्वयमा बजार अनुगमनलाई प्रभावकारी, नियमित तथा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

**६.** वैदेशिक रोजगारीको क्रममा अपाङ्गता भई स्वदेश फर्किएका युवा उद्यमीहरूको सीप, क्षमता र अनुभवलाई उपयोग गर्दै उनीहरूको आवश्यकता तथा मागका आधारमा उद्यम तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

**७.** अति विपन्न तथा आर्थिक अवस्था कमजोर भएका उद्यमीहरूलाई उनीहरूको आवश्यकता र मागका आधारमा क्षमता अभिवृद्धि तालिम, सीप विकास कार्यक्रम तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउने नीतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

८. महाबु गाउँपालिका क्षेत्रभित्र उपलब्ध चुन ढुङ्गा, काइनाइट, ढुङ्गा-पत्थर (स्लेट), पानी तथा जडीबुटीजन्य स्रोतको दिगो उपयोग गरी उद्योग स्थापना तथा सञ्चालन गर्न संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ।

९. प्रचलित कानून बमोजिम अस्थायी तथा स्थायी उद्योग तथा कलकारखाना स्थापना गरी संचालन गर्न प्राविधिक सहयोग सहित प्रोत्साहन गरिनेछ ।

## ग) पर्यटन तथा संस्कृति सम्बन्धी नीति

१. स्थानीय मौलिक कला, संस्कृति, भाषा, भेषभूषा तथा देउडा, मारुनी, हुड्के नाच, पञ्चेबाजा लगायतका सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२. गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वका सम्पदाहरूको संरक्षण, प्रचारप्रसार, अभिलेखीकरण तथा व्यवस्थापनमा विशेष जोड दिइनेछ।

३. महाबुधाम, महाबै गाथ, भगवती मन्दिर, गीताचौर शिवालय, ताउलाखार गुफा, मालिका पार्क, कैलाश मन्दिर, दुम्जा मन्दिर लगायतका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरूको संरक्षण, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पहल तथा अन्तरसरकारी समन्वय गरिनेछ। साथै पर्यटन स्थलसम्म सहज पहुचका लागि सडक,पदमार्ग, विश्राम स्थल, खानेपानि, शौचालय तथा सुचना केन्द्र निर्माण र स्तरोन्नति गरिदै लगिने छ ।

४. गाउँपालिकाभित्र सञ्चालनमा रहेका होमस्टेहरूको स्तरोन्नति तथा प्रवर्द्धन गरिनुका साथै सम्भावित नयाँ क्षेत्रहरूमा सामुदायिक होमस्टे विकासका लागि प्रोत्साहन तथा सहजीकरण गरिनेछ।
५. महाबै गाथ काशिकाँध देखि महाबुधाम लेक र गैडाबाज देखि महाबुधाम लेकसम्म विद्युतिय केबुलकार निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न संघ, प्रदेश सरकार र निजी क्षेत्रहरु संग समन्वय गरिनेछ । साथै उक्त आयोजनालाई सार्वजनिक निजि साझेदारी मोडलमा संचालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
६. महाबु गाउँपालिकामा प्याराग्लाइडिङ्गको उच्च सम्भावना रहेको हुँदा सोका लागि आवश्यक पर्यटकीय पुर्वाधार निर्माण गरी संचालनमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
७. महाबु लेकको सुन्दरता र मनमोहक दृष्यलाई उपयोग गर्न महाबु लेकलाई चलचित्र हव र सिनेमा सिटिका रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।

## घ) सहकारी सम्बन्धि नीति

**१.** महाबु गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूमा आबद्ध सदस्यहरूलाई सहकारी शिक्षा, वित्तीय साक्षरता तथा उत्पादनमा आधारित क्षमता विकाससम्बन्धी तालिमहरू सञ्चालन गर्दै लगिनेछ।
**२.** महाबु गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूको अभिलेख तथा लेखा व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। साथै, तथ्याङ्कमा आधारित अनुगमन, नियमन, दर्ता तथा खारेजी प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
**३.** महाबु गाउँपालिकाभित्र सञ्चालनमा रहेका सक्रिय सहकारी संस्थाहरूलाई एकीकृत सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै लगिनेछ। साथै, गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरूलाई **COPOMIS (Cooperative and Poverty Management Information System)** प्रणालीमा अनिवार्य रूपमा आबद्ध गराइने नीति अवलम्बन गरिनेछ।

## ङ) श्रम तथा रोजगारी सम्बन्धी नीति

**१.** रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सूचीकृत बेरोजगार व्यक्तिहरूमध्ये स्तरीकरणका आधारमा संघ, प्रदेश तथा स्थानीय तहबाट विनियोजित बजेटमार्फत सञ्चालित आयोजनाहरूमा सूचीकृत श्रमिकहरूको सहभागिता सुनिश्चित गरिनेछ। कार्यक्रमले निर्धारण गरेको लक्ष्यअनुसार प्रतिव्यक्ति अधिकतम १०० दिनसम्मको रोजगारी सिर्जना गर्ने नीतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

२. पूर्वमान्यता प्राप्त सिकाइ (Recognition of Prior Learning-RPL) विधिबाट सीप परीक्षणका लागि **Council for Technical Education and Vocational Training (CTEVT)** सँग समन्वय गरी परम्परागत तथा व्यावसायिक सीप भएका तर औपचारिक प्रमाणपत्र नभएका दक्ष श्रमिकहरूलाई सीप परीक्षणमार्फत प्रमाणपत्र प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

३. मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत छनोट भएका श्रमिकहरूको कार्यस्थलमा हुन सक्ने दुर्घटनाजन्य जोखिमलाई न्यूनीकरण गर्न दुर्घटना बीमालाई अनिवार्य गरिनेछ।

४. बेरोजगार व्यक्तिहरूको सूचीकरण तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको अद्यावधिक कार्य आगामी आर्थिक वर्ष २०८३/०८४ मा समेत निरन्तर रूपमा सञ्चालन गरिनेछ।

५. **"श्रमको सम्मान, राष्ट्रको अभियान"** सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरूलाई थप प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउँदै लगिनेछ।

६. वैदेशिक रोजगारीको क्रममा अङ्गभङ्ग भएका, श्रम शोषणमा परेका वा कानुनी परामर्श आवश्यक भएका श्रमिकहरूलाई प्रदान गरिँदै आएको सेवा तथा सहजीकरणलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । साथै, गाउँपालिकाबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्यु भएमा निजको परिवारलाई किरिया खर्चबापत आर्थिक सहायता उपलब्ध गराउन "**अध्यक्ष राहत कोष**" संचालन गरिनेछ।

७. बेरोजगार तथा वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूलाई बिउपुँजी तथा प्रविधि अनुदान, सीप विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगारमूलक तालिम तथा स्वरोजगार कार्यक्रममार्फत आत्मनिर्भर र उत्पादनशील बनाउन प्रोत्साहन गरिनेछ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**

**गाउँसभाका सदस्यज्यूहरु,**

**सामाजिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिहरु**

**"विकासको सूत्राधारः शिक्षा नै मूल आधार", "प्रविधिमैत्री शिक्षा, गुणस्तरीय शिक्षामा सबैको पहुँच"** तथा "**सक्षम युवा, समृद्ध महाबु**" भन्ने नाराका साथ शिक्षा, युवा तथा खेलकुद क्षेत्रको समग्र विकासका लागि निम्न नीति अवलम्बन गरिनेछः

१. सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउँदै डिजिटल बोर्ड, इन्टरनेट तथा सूचना-प्रविधिमा आधारित सिकाइ अभ्यासलाई क्रमशः व्यवहारिक रूपमा कार्यान्वयन गर्दै लगिनेछ। आधुनिक र प्रविधिमैत्री शिक्षा प्रणाली विकास गर्न विद्यालयहरूमा एआई असिस्टेड टिचिङ (Al-assisted teaching) प्रणाली लागू गरिनेछ । **"एक शिक्षक-एक AI Skill"** अभियान अन्तर्गत शिक्षकहरूलाई च्याटजिपिटी, जेमिनी, क्यानभा एआई जस्ता शैक्षिक टूल्सको प्रयोग गरी पाठयोजना, प्रश्नपत्र र डिजिटल सामग्री निर्माण गर्ने तालिम दिइनेछ ।

२. विद्यालयमा शिक्षकहरूको नियमितता, अनुशासन र जवाफदेहितालाई अभिवृद्धि गर्न हाल माध्यमिक विद्यालयहरूमा जडान गरिएको विद्युतीय हाजिरी प्रणालीलाई क्रमशः आधारभूत विद्यालयहरूमा समेत विस्तार गरिनेछ ।

३. सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरूले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

४. महाबु गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा पहिचान तथा क्षमता विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी आवश्यक प्रोत्साहन, पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ।

५. महाबु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा गाउँपालिका अनुदानका शिक्षक कर्मचारी र अन्य विद्यालय कर्मचारीहरुको सेवा सुविधामा क्रमश वृद्धि गर्दै लगिनेछ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षिकाहरूलाई सुत्केरी हुँदा प्रदान गर्रिँदै आएको सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ। साथै, गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरूलाई उपलब्ध गराइँदै आएको पोशाक भत्तालाई समेत निरन्तरता दिइनेछ।

६. विद्यालयमा कार्यरत विषयगत शिक्षक, बालविकास सहजकर्ता, कम्प्युटर शिक्षक, लेखा सहायक तथा प्रधानाध्यापकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि सम्बन्धित विषयमा आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. सामुदायिक विद्यालयहरूमा विद्यार्थी, शिक्षक तथा अभिभावकबीच शैक्षिक गुणस्तर सुधार तथा विद्यालय व्यवस्थापनसम्बन्धी नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

८. माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान तथा प्रोत्साहन गरिनेछ। साथै, अति विपन्न, जेहेन्दार तथा उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

९. महाबु गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत कार्यालय सहयोगीहरूलाई विद्यालय दिवाखाजा व्यवस्थापन तथा पोषणसम्बन्धी तालिम प्रदान गरिनेछ।

१०. सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सर्वाङ्गीण विकासका लागि खेलमैदान, खेलकुद सामग्री, आवश्यक फर्निचर, बालमैत्री खानेपानी धारा, सुरक्षित शौचालय तथा गुणस्तरीय कक्षाकोठाको व्यवस्था क्रमशः सबै विद्यालयहरूमा विस्तार गर्दै लगिनेछ।

११. महाबु गाउँपालिकाभित्र सञ्चालित बालविकास केन्द्रहरूमा बालबालिकाको सर्वाङ्गीण विकासलाई मध्यनजर गर्दै मन्टेसरी (Montessori) विधिमा आधारित सिकाइ प्रणाली लागू गरिनेछ।

१२. स्थानीय कला, संस्कृति, इतिहास, भूगोल, वातावरण, कृषि, पर्यटन तथा जीवनोपयोगी सीपसम्बन्धी विषयवस्तु समेटिएको स्थानीय पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१३. पालिकाभित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या, विषयगत आवश्यकता तथा शैक्षिक गुणस्तरका आधारमा शिक्षक दरबन्दी मिलान कार्यलाई पारदर्शी र व्यवस्थित रूपमा निरन्तरता दिइनेछ। साथै, शिक्षण पेशालाई मर्यादित, व्यावसायिक र जवाफदेही बनाउन नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने तथा डिजिटल प्रविधिको प्रभावकारी प्रयोग गर्ने शिक्षकहरूलाई वार्षिक रूपमा पुरस्कृत तथा सम्मानित गरिनेछ।

१४. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नमुना तथा उत्कृष्ट विद्यालय, शैक्षिक संस्था तथा नवप्रवर्तनकारी अभ्यास भएका संस्थाहरूमा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

१५. **"एक वडा—एक आवासीय माध्यमिक विद्यालय"** अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै जगदिश माध्यमिक विद्यालय बाट आवासीय विद्यालय सञ्चालनको प्रारम्भ गरिनेछ। उक्त विद्यालयलाई आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री, आवास तथा जनशक्ति व्यवस्थापन गरी गुणस्तरीय र प्रतिस्पर्धी शैक्षिक संस्थाका रूपमा विकास गरिनेछ।

१६. **"सिक्दै अघि बढ्दै, कमाउँदै सफल बन्दै"** भन्ने मूल नारासहित जगदिश माध्यमिक विद्यालय मा सञ्चालित बाली विज्ञान संकायलाई सुदृढ गर्दै प्राविधिक शिक्षाको प्रवर्द्धन गरिनेछ।

१७. **"स्वस्थ नागरिक, सबल समाज सामाजिक सद्भाव र एकता महाबुको आवाज"** भन्ने नारालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालय तथा पालिका स्तरीय **"अध्यक्ष कप"** खेलकुद प्रतियोगिता सञ्चालन गरी खेल प्रतिभाको पहिचान, विकास र प्रोत्साहन गरिनेछ।

१८. राष्ट्रिय युवा नीति, २०७२ को भावना अनुरूप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । युवाको नेतृत्व विकास, सहभागिता, परिचालन, उत्प्रेरणा साथै सिप विकासका लागि युवा परिषद्को गठन गरिनेछ र सो मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## ख) स्वास्थ्य सम्बन्धी नीति

**"स्वस्थ महाबु, समृद्ध महाबु"** भन्ने नाराका साथ गुणस्तरीय, पहुँचयोग्य र नागरिकमैत्री स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि निम्न नीति अवलम्बन गरिनेछः

१. स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा नतिजामुखी बनाउन नियमित अनुगमन, सुपरिवेक्षण तथा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

२. आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइहरूमार्फत मातृ तथा शिशु स्वास्थ्य, खोप, परिवार नियोजन, पोषण तथा प्रयोगशाला सेवाको विस्तार गरिनेछ।

३. **"शून्य होम डेलिभरी अभियान"** लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सबै गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थामार्फत सुरक्षित प्रसूति सेवालाई थप व्यवस्थित गरिनेछ।

४. सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य सुधारसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी मातृ तथा शिशु मृत्युदर न्यूनीकरणमा विशेष जोड दिइनेछ।

५. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार विकास, औषधि तथा स्वास्थ्य सामग्रीको नियमित उपलब्धता, आधुनिक उपकरण व्यवस्थापन तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखिनेछ।

६. ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, गर्भवती महिला, "क" वर्गको अपाङ्गता भएका व्यक्ति, सडक दुर्घटनामा परेका व्यक्ति, अति विपन्न नागरिक तथा विपद् प्रभावित असहाय व्यक्तिहरूलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

७. गर्भावस्थामा देखिन सक्ने जटिलताहरूको समयमै पहिचान गरी सुरक्षित मातृत्व तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धन गर्न गर्भवती महिलाहरूका लागि सञ्चालन हुँदै आएको ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

८. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूले समुदायमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै **"उपाध्यक्षसँग स्वास्थ्य स्वयंसेविका कार्यक्रम"** सञ्चालनमा ल्याइनेछ।

९. नेपाल रेडक्रस सोसाइटीसँगको साझेदारीमा मोतियाबिन्दु तथा अन्य आँखा रोगसम्बन्धी निःशुल्क आँखा शिविर कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै, विभिन्न रोगहरूको पहिचान, निदान तथा उपचारका लागि विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

१०. आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार भएकाले महाबु अस्पतालबाट २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध गराइनेछ। साथै, सुत्केरी आमाहरूलाई प्रसूति पश्चात आवश्यक झोलिलो पोषिलो आहार तथा सुरक्षित आवासीय सुविधाको व्यवस्था मिलाइनेछ।

११. मापदण्ड अनुसार स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइका भवनहरूमा स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन स्तनपान कक्ष निर्माण गरी आवश्यक सामग्रीको व्यवस्था गरिनेछ।

१२. मानसिक स्वास्थ्य समस्याले बालबालिका तथा समुदायमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न, मानसिक स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्न, बिरामीहरूको पहिचान तथा उपचारमा सहयोग पुऱ्याउन र आत्महत्या न्यूनीकरण गर्न विद्यालय तथा समुदायस्तरमा मानसिक स्वास्थ्य अन्तरक्रिया तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

१३. ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार सेवालाई थप व्यवस्थित बनाइनेछ। साथै, समुदाय तथा विद्यालयमा महत्वपूर्ण योगदान पुऱ्याउने सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा शिक्षिकाहरूको नियमित निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ।

१४. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा तथा स्वस्थ जीवनशैली प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरी रोगको रोकथाम, स्वास्थ्य संवर्द्धन तथा नागरिकहरूको जीवनशैली सुधारमा जोड दिइनेछ।

**१५.** नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत) को समयमै पहिचान तथा नियन्त्रणका लागि समुदायस्तरमा नियमित स्वास्थ्य परीक्षण, जनचेतना तथा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ।

१६. गर्भवती तथा सुत्केरी महिलाहरूलाई आकस्मिक अवस्थामा समयमै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थामा **आकस्मिक गर्भवती प्रेषण कोष** स्थापना तथा सञ्चालन गरिनेछ। उक्त कोषमार्फत जटिल अवस्था भएका गर्भवती तथा सुत्केरी महिलाहरूलाई आवश्यक स्वास्थ्य संस्थामा सुरक्षित र समयमै प्रेषण गर्न सहयोग गरिनेछ।

**ग) खाद्य सुरक्षा तथा पोषण सम्बन्धी**

**१. "कुपोषण शून्य महाबु"** अभियान सञ्चालन गरी कुपोषित बालबालिकाहरूको समयमै पहिचान, उपचार तथा पुनर्स्थापनाका लागि सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने पोषणसम्बन्धी सेवाहरूलाई थप विस्तार तथा सुदृढ गर्दै लगिनेछ।

२. पोषणमैत्री वडा तथा पालिका घोषणा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न **"करेसाबारी, बाह्रै महिना हरियो तरकारी"** भन्ने मूल नारासहित **"एक घर-एक करेसाबारी"** अभियानलाई थप व्यवस्थित, विस्तार तथा प्रभावकारी बनाइनेछ।

**३.** सुनौलो हजार दिन कार्यक्रमलाई थप प्रभावकारी बनाउन गर्भवती महिला, सुत्केरी आमा तथा दुई वर्षमुनिका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन हुँदै आएको **"उपाध्यक्ष पोषण कोसेली कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

४. महाबु गाउँपालिकालाई पोषणमैत्री पालिका घोषणा गर्न आवश्यक सूचकहरू पूरा गर्दै ६ वटै वडालाई क्रमशः पोषणमैत्री वडा घोषणा गरिनेछ। साथै, महाबु गाउँपालिकालाई पोषणमैत्री पालिका घोषणा गर्न आवश्यक कार्यक्रम तथा पहलहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

**५.** महाबु गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरू तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत शिक्षक, शिक्षिका, महिला स्वास्थ्य स्वयंसेविका तथा किशोरकिशोरीहरूलाई लक्षित गरी पोषण अभ्यास तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६. **"स्वस्थ आमा, स्वस्थ बालबालिका, पोषणमैत्री हाम्रो महाबु गाउँपालिका"** भन्ने मूल नारालाई आत्मसात् गर्दै पोषण सुरक्षा कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा दिगो रूपमा कार्यान्वयन गरिनेछ।

**७.** पोषणमैत्री वडा तथा पालिका घोषणाका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न वडा तथा पालिका स्तरमा सडक नाटक, पोषण सप्ताह, पोषण मेला तथा संचार माध्यमहरुबाट सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

८. पोषणमैत्री वडा घोषणाका सूचकहरू पूरा गर्न अति विपन्न तथा जोखिमयुक्त परिवारलाई खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै आवश्यकता अनुसार प्राविधिक तथा सामग्री सहयोग उपलब्ध गराइनेछ।

**घ) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति**

१. नेपाल सरकारको सबै जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न **"एक घर, एक धारा"** नितिलाई निरन्तरता दिइनेछ साथै सोको सेवालाई दिगो र भरपर्दो बनाउन पालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास र वातावरण युनिट मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. पालिका स्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको क्षमता अभिवृद्धि गरी नियमित परीक्षण तथा N-WASH MIS प्रणालीमा अभिलेखीकरण गरिनेछ।

३. जलवायु परिवर्तनका असरलाई मध्यनजर गर्दै खानेपानी मुहान संरक्षण, पुनर्निर्माण तथा जलवायु उत्थानशील खानेपानी योजनालाई नियमित रुपमा अद्यावधिक गरिनेछ।

४. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मार्फत मुहान संरक्षण, पुनर्भरण पोखरी निर्माण, वृक्षारोपण तथा हरित पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५. समावेशी, लैङ्गिक समानता तथा अपाङ्गमैत्री खानेपानी सेवाको सुनिश्चितता गर्दै समुदायमा आधारित जलवायु उत्थानशिल खानेपानी व्यवस्थापन मोडेललाई विस्तार गरिनेछ।

६. खानेपानी उपभोक्ता समिति तथा सेवा प्रदायकहरूको सूचीकरण, क्षमता विकास तथा जलवायु उत्थानशील सुरक्षा योजना निर्माणमा सहजीकरण गरिनेछ।

७. पूर्ण सरसफाइ उन्मुख पालिका निर्माणका लागि विद्यालय, सार्वजनिक स्थल तथा समुदायस्तरमा सरसफाइ, स्वच्छता र व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गरिनेछ। साथै वडा नं ५ लाई आगामी आर्थिक वर्षै भित्रै पूर्ण सरसफाई उन्मुख वडा घोषणा गरिनेछ ।

८. गाउँपालिकाले जलस्रोत र प्राकृतिक स्रोतको दीगो व्यवस्थापनका लागि आवश्यक नीति, ऐन तथा कार्यविधि निर्माण तथा समयानुकूल परिमार्जन गरिनेछ।

९. समावेशी र जलवायु उत्थानशील WASH परियोजना सञ्चालनका लागि संघ, प्रदेश, विकास साझेदार तथा सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ।

**ङ) लैंगिक समता तथा सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा सम्बन्धी नीतिहरु**

१. बालअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि जोखिममा रहेका बालबालिकाको आपत्कालीन उद्धार, संरक्षण तथा राहत व्यवस्थापन गर्न बाल हेल्पलाइन, सहायता कक्ष तथा अपाङ्गता सहायता कक्ष स्थापना एवं सञ्चालन गरिनेछ। साथै बाल कोष सञ्चालनमा ल्याइनेछ।

२. लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि महिलाहरूको नेतृत्व विकासलाई प्राथमिकतामा राखिनेछ। महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ।

३. दलित महिला समुदायको सशक्तीकरणका लागि सीप विकास तथा स्वरोजगार सिर्जनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनुका साथै आवश्यक प्रविधि, उपकरण तथा उद्यम विकासमा सहयोग प्रदान गरिनेछ।

४. महिला, दलित, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत समुदायको गरिबी न्यूनीकरणका लागि लघु उद्यम, बहुक्षेत्रीय पोषण तथा आयआर्जनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

५. बालअधिकार, बालश्रम, बालविवाह, लैङ्गिक हिंसा, मानव बेचबिखन, सामाजिक विकृति, लागुऔषध दुर्व्यसन, आत्महत्या तथा अन्धविश्वासविरुद्ध समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. **"गरौं बालबालिकामा लगानी, ल्याऔं सुनौलो बिहानी"** भन्ने मूल नारालाई आत्मसात् गर्दै पालिकास्तरमा बाल सञ्जाल तथा बाल क्लब गठन गरी विभिन्न सिर्जनात्मक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

७. महाबु गाउँपालिका क्षेत्रभित्रका बालबालिकाको समग्र विकास तथा संरक्षणका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। राष्ट्रिय नीतिअनुरूप अनाथ, टुहुरा, अपाङ्गता भएका, असहाय, मानसिक रूपमा समस्याग्रस्त तथा श्रम शोषणमा परेका बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने गरी विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

८. घरेलु हिंसामा परेका महिलाको उद्धार, संरक्षण तथा पुनःस्थापनाका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) लाई थप व्यवस्थित बनाउन आवश्यक समन्वय गरिनेछ। साथै लैङ्गिक हिंसा निवारण कोषलाई व्यवस्थित गरिनेछ।

९. रुढीवादी परम्परा तथा सामाजिक विभेद न्यूनीकरण गर्दै सासू-बुहारीबीचको सम्बन्धलाई सुदृढ बनाउन गाउँपालिकाका सबै वडामा सासू-बुहारी अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. महिला तथा किशोरीहरूको आत्मसम्मान, स्वास्थ्य तथा अधिकारको संरक्षण गर्दै महिनावारीका समयमा प्रचलित छाउपडी लगायतका हानिकारक अभ्यासहरूको अन्त्य गर्न तथा सुरक्षित र मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन प्रवर्द्धन गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ।

११. महाबु गाउँपालिका भित्र रहेका अति विपन्न तथा जोखिममा परेका एकल महिलाहरूलाई लक्षित गरी उनीहरूको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताका लागि उत्पादनमुखी तथा आयआर्जनमूलक जीविकोपार्जन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## च) ज्येष्ठ नागरिक सम्बन्धी निती

१. महाबु गाउँपालिकाको भौगोलिक विकटता तथा यातायातको असुविधालाई मध्यनजर गर्दै ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा कार्यालयबाट सरल, सहज र व्यवस्थित रूपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
२. ज्येष्ठ नागरिकको ज्ञान, सीप, क्षमता तथा अनुभवको उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
३. ज्येष्ठ नागरिक तथा सशस्त्र द्वन्द्वका क्रममा ज्यान गुमाएका शहीद परिवारलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
४. **"ज्येष्ठ नागरिकसँग स्थानीय सरकार"** भन्ने भावनाको विकास गर्न "**अध्यक्षसँग ज्येष्ठ नागरिक**" कार्यक्रम सञ्चालन गरिनेछ। साथै ज्येष्ठ नागरिकका लागि धार्मिक तथा ऐतिहासिक स्थलहरूको अध्ययन-अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**
**पूर्वाधार विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) भवन वस्ती आवास तथा शहरी विकास सम्बन्धी नीतिहरु**

१. भवन निर्माणसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि नक्सापास तथा निर्माण सम्पन्न भवनहरूको अभिलेखीकरण कार्यलाई अनिवार्य रूपमा लागू गरिनेछ।
२. महाबु गाउँपालिकाभित्र रहेका फुसको छाना भएका घरधुरीहरूको पहिचान गरी सुरक्षित र दिगो आवासको सुनिश्चितताका लागि फुसको छाना विस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
३. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक रूपमा निर्माण भएका पूर्वाधारहरूको अद्यावधिक अभिलेख तयार गरिनेछ। विद्युत्, सडक, पुल, खानेपानी, सिँचाइ कुलो, पर्यटन पूर्वाधार, सडक बत्ती, पोखरी तथा भवनलगायतका संरचनाहरूको तथ्याङ्क सङ्कलन गरी व्यवस्थित अभिलेखीकरण गरिनेछ। साथै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सडकहरूको लगत कट्टा, वर्गीकरण तथा स्तरोन्नतिका लागि आवश्यक पहल गरिनेछ।
४. महाबु गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति तथा मर्मत सम्भारका लागि संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग समन्वय र सहकार्य गरी योजनाबद्ध रूपमा निर्माण तथा सुधारका कार्यहरू अगाडि बढाइनेछ।
५. शहरी विकाससम्बन्धी मापदण्ड तथा राष्ट्रिय भवन संहिताअनुसार भूकम्प प्रतिरोधी तथा सुरक्षित संरचना निर्माणलाई प्रोत्साहन गरिनेछ। भवन निर्माण क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाका सबै वडामा सिकर्मी, डकर्मी तथा अन्य प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा स्वरोजगारमूलक तालिम सञ्चालन गरिनेछ।

६. २० लाख रुपैयाँभन्दा माथि लागत भएका पूर्वाधार आयोजनाहरूमा अनिवार्य बीमा गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै प्राकृतिक विपद् वा अन्य कारणले क्षति पुगेका संरचनाहरूको पुनर्निर्माण तथा मर्मत सम्भार कार्यलाई प्राथमिकता दिइनेछ।

७. नागरिकलाई सरल, सहज, गुणस्तरीय तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दै सुशासन र पारदर्शिता प्रवर्द्धन गर्न सबै वडा कार्यालयका प्रशासनिक भवन निर्माण तथा मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

८. गाउँपालिका भित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।

९. चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. मानन्चौर क्षेत्रमा विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन तथा आवश्यक प्रारम्भिक प्रक्रिया अघि बढाउन सम्बन्धित निकायसँग समन्वय, सहकार्य र पहल गरिनेछ।

११. राउटे बजार खेल मैदानलाई दैलेख जिल्लाकै नमुना तथा सुविधासम्पन्न खेल पूर्वाधारका रूपमा विकास गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय, सहकार्य र पहल गरिनेछ।

**ख) सडक पुल तथा यातायात व्यवस्था सम्बन्धी नीतिहरु**

१. संघीय तथा प्रदेश सरकारबाट महाबु गाउँपालिका भित्र निर्माणाधीन अवस्थामा रहेका तथा गाउँपालिकाको योजना बैंकमा समावेश भएका आयोजनाहरूको शीघ्र सम्पन्नता तथा बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहल गरिनेछ।

२. महाबु गाउँपालिकाको केन्द्र गैडाबाजदेखि ६ वटै वडा कार्यालयसम्म जोड्ने प्रमुख सडकहरु र महाबु चक्रपथ निर्माण तथा स्तरोन्नतिका लागि संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँगको साझेदारीमा आयोजना संचालन गर्न आवश्यक पहल गरी क्रमशः कालोपत्रे सडक निर्माणको कार्य अगाडि बढाइनेछ।

३. महाबु गाउँपालिका अन्तर्गतका ६ वटै वडामा आवश्यकताका आधारमा झोलुङ्गे पुल तथा मोटरेबल पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरी लागत साझेदारीमा निर्माण कार्य अगाडि बढाइनेछ।

४. गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सडकमा वर्षभरि सहज आवागमन सुनिश्चित गर्न सडक मर्मतसम्भार कोषलाई निरन्तरता दिइनेछ। साथै प्रमुख सडकहरूको नियमित मर्मत सम्भार गर्न निश्चित अवधिका लागि सडक मर्मत कार्यकर्ताको व्यवस्था गरिनेछ।

५. सडक किनारामा वृक्षारोपण अभियान सञ्चालन गरी हरित सडक अवधारणालाई प्रवर्द्धन गरिनेछ।

६. वर्षायामको अन्त्यतिर सडक खन्ने कार्यबाट निम्तिने जोखिमलाई मध्यनजर गर्दै अनियोजित तथा ढिलो गरी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ। स्वीकृत आयोजना समयमै

सम्पन्न गर्न उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सम्बन्धित सरोकारवालाहरूको जिम्मेवारी र जवाफदेहितालाई थप प्रभावकारी बनाइनेछ।

७. ताराघाट खरिगैरा गैडाबाज काशिँकाध सडक अन्तर्गत गैडाबाज काशिँकाध सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन (DPR) गरी सडक स्तरोन्नती तथा कालोपत्रेका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

**ग) जलश्रोत, विद्युत तथा बैकल्पिक उर्जा**

१. महाबु गाउँपालिका क्षेत्रभित्र नेपाल विद्युत् प्राधिकरणको सहकार्यमा सबै वडाका बाँकी घरधुरीहरूमा विद्युत् पहुँच विस्तार गरी विद्युतिकरणको कार्य सम्पन्न गरिनेछ। साथै संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी चालु आर्थिक वर्षभित्र गाउँपालिकाका सबै लाभग्राही घरधुरीमा विद्युतीकरण कार्य सम्पन्न गर्ने पहल गरिनेछ।

२. महाबु गाउँपालिका क्षेत्रभित्र रहेका वैकल्पिक ऊर्जा, लघु जलविद्युत् आयोजनाहरूको संरक्षण, स्तरोन्नति तथा विस्तारलाई प्राथमिकता दिइनेछ। साथै गाउँपालिकाका ६ वटै वडाका बजार क्षेत्र, सार्वजनिक स्थल तथा मुख्य सडकहरूमा क्रमशः सडक बत्ती विस्तार गरी सुरक्षित, व्यवस्थित र उज्यालो बस्ती निर्माणको अभियान सञ्चालन गरिनेछ।

**घ) सूचना, संचार तथा प्रविधि**

१. गाउँपालिकाभित्र GSM/मोबाइल नेटवर्क तथा इन्टरनेट सेवाको गुणस्तर सुधारका लागि टावर क्षमता विस्तार, नयाँ टावर स्थापना र सेवा प्रदायक संस्थासँग आवश्यक समन्वय गरिनेछ।

२. सबै वडा कार्यालय तथा सामुदायिक विद्यालयहरूमा उच्च गतिको फाइबर तथा ब्रोडब्यान्ड इन्टरनेट पहुँच विस्तारका लागि नेपाल दूरसञ्चार प्राधिकरण र ISP सँग पहल गरिनेछ।

३. ल्यान्डलाइन टेलिफोन सेवाको विस्तार तथा सुधारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

४. सूचना प्रविधिमा आधारित डिजिटल सेवा प्रवाह तथा ज्ञानमा आधारित उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**

**गाउँसभाका सदस्यज्यूहरु,**

**वन, वातावरण तथा विपद व्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१. विपद् प्रतिकार्य तथा राहतका लागि स्थापित स्थानीय प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिँदै यसको सञ्चालन तथा राहत मापदण्डलाई परिमार्जन र प्रभावकारी बनाइनेछ।

२. हरित कार्यालय अवधारणा अन्तर्गत सार्वजनिक कार्यालयहरुमा हरियाली प्रवर्द्धन गर्न **एक कर्मचारी एक रुख** को नीति अबलम्बन गरी सोको संरक्षणको जिम्मेवारी सम्बन्धित

व्यक्तिलाई नै दिइनेछ । साथै सार्वजनिक कार्यालयहरुको आगनमा पिपल चौतारी निर्माण गरी शितलता प्रदान गर्ने अवधारणालाई मूर्त रुप दिइनेछ ।

३. सार्वजनिक खाली जग्गा, सडक किनार, खोल्सा किनार तथा जलाधार क्षेत्रमा वृक्षारोपण, नर्सरी स्थापना तथा हरित मार्ग विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । **पाटन खर्क व्यवस्थापन तथा हरित वातावरण कार्यक्रम** संचालनका लागि आवश्यक पहल गरिनेछ ।

४. सामुदायिक वन उपभोक्ता समूहहरूको अभिलेखीकरण, सूचीकरण तथा आम्दानी व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

५. जलाधार क्षेत्र संरक्षणका लागि तटबन्ध, घेराबार, मुहान संरक्षण तथा पुनर्भरण संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

६. हरित, लचिलो र समावेशी विकास (GRID) तथा वातावरणमैत्री स्थानीय शासनका सूचकहरूलाई अवलम्बन गर्दै जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गरिनेछ।

७. परम्परागत रुख (बर, पिपल, स्वामी) संरक्षण, सुधारिएको चुलो, बायोग्यास तथा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. **"जैविक विविधताको संरक्षण, रुख र बालीको मिश्रण तथा आयआर्जन"** भन्ने मूल नाराका साथ खाद्य सुरक्षा र आयवृद्धिलाई प्रवर्द्धन गर्न नमुना जलवायु स्मार्ट कृषि तथा कृषिवन कार्यक्रम सञ्चालन गरिनेछ।

९. स्थानीय तहभित्र रहेका जल, जमिन, वन तथा जैविक स्रोतहरूको दीगो संरक्षण, व्यवस्थापन र उपयोग सुनिश्चित गर्न एकीकृत क्याच्मेन्ट अवधारणामा आधारित एकीकृत नमुना कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत माथिल्लो, मध्ये तथा तल्लो जलाधार क्षेत्रलाई एकीकृत रूपमा व्यवस्थापन गर्दै पानीका स्रोतहरूको संरक्षण, भूक्षय तथा पहिरो नियन्त्रण, जलवायु परिवर्तन अनुकूलन, कृषि बन / कृषि उत्पादन वृद्धि तथा जीविकोपार्जन सुधारमा जोड दिइनेछ।

१०. जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण तथा स्थानीय अनुकूलन क्षमताको अभिवृद्धि गर्न चालु आर्थिक वर्षभित्र कम्तीमा एक जलवायुमैत्री नमुना विद्यालय र एक जलवायु उत्थानशील नमुना समुदाय विकास गरिनेछ। यस्ता नमुना विद्यालय तथा समुदायमार्फत वातावरण संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, जलवायु अनुकूलन अभ्यास, विपद् जोखिम न्यूनीकरण, आय आर्जन, जीविकोपार्जन तथा अन्य जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी जलवायु उत्थानशील समाज निर्माणमा टेवा पुर्याइने छ ।

११. जलवायु परिवर्तनका असरबाट श्रोतहरुमा परेको नकारात्मक प्रभाबलाई कम गर्न पुनरभरण पोखरी निर्माण, वृक्षारोपण अन्य हरित पुर्वाधार जस्ता अभियान सञ्चालन गरि समावेशी, दिगो र जलवायु उत्थानशील प्राकृतिक स्रोत व्यवस्थापन प्रवर्धन गरिने छ ।

**यस सभाका विशिष्ट अतिथी ज्यू**
**गाउँसभाका सदस्यज्यूहरु,**
**संस्थागत विकास तथा सुशासन क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## क) नीति, कानून तथा न्याय

१. न्यायिक समितिको क्षमता अभिवृद्धि तथा व्यवस्थापन प्रणाली सुदृढीकरण गरिनेछ।न्यायीक समितिको क्षेत्राधिकार र कानूनी व्यवस्थाबारे जनचेतना जगाउन व्यापक प्रचार प्रसार गरिनेछ ।न्यायीक समिति र प्रहरी साझेदारी : समुदाय न्यायीक जागरण कार्यक्रम संचालन गरी स्थानीय स्तरमा कानूनी साक्षरता र नागरिक सशक्तिकरण गरिनेछ ।
२. गुणस्तरीय सेवा प्रवाह र सामाजिक न्याय सुनिश्चित गर्न आवश्यक ऐन, कानून तथा कार्यविधि निर्माण एवं परिमार्जन गरिनेछ।
३. न्यायिक समितिको कार्यसम्पादनलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी बनाइ नागरिकलाई न्यायिक सेवाको प्रत्याभूति गरिनेछ।
४. **"विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा"** भन्ने नाराका साथ स्थानीय विवादहरूको समाधान मेलमिलाप र आपसी समझदारीमार्फत गरिनेछ।

## ख) संगठन, मानव संसाधन, क्षमता विकास, सेवा प्रवाह र सुशासन

१. गाउँपालिकाको कार्यबोझ, सेवा प्रवाह, संगठन संरचना तथा जनशक्ति आवश्यकताको यथार्थ मूल्याङ्कन गर्न संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदनलाई अद्यावधिक गरिनेछ। सर्वेक्षणबाट प्राप्त सुझाव तथा सिफारिसका आधारमा संगठन संरचना, दरबन्दी मिलान, जनशक्ति व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. गाउँपालिकाका कर्मचारी तथा शाखाहरूको कार्यसम्पादनलाई मापनयोग्य, पारदर्शी र नतिजामुखी बनाउन दैनिक कार्य विवरण (Time Sheet) प्रणाली कार्यान्वयन गरिनेछ। यस प्रणालीमार्फत कर्मचारीले दैनिक रूपमा सम्पादन गरेका कार्यहरूको अभिलेख राख्ने, कार्यप्रगतिको नियमित समीक्षा गर्ने तथा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।
३. कर्मचारीहरूको कार्यसम्पादनलाई थप प्रभावकारी, नतिजामुखी र जवाफदेही बनाउन कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहन सम्बन्धी कार्यविधि निर्माण गरी लागू गरिनेछ तथा सोही आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
४. गाँउपालिकाबाट प्रदान गरिने सेवालाई अधिकतम जनताको घरदैलो सम्म पुर्याउने व्यवस्था मिलाइनेछ । यसका लागि घुम्ति सेवा मार्फत योजना सम्झौता गर्ने, बैकसंगको समन्वयमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
५. स्थानीय सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन गाउँपालिका तथा वडा तहमा नियमित सार्वजनिक सुनुवाइ,

सार्वजनिक परीक्षण तथा नागरिक संवाद कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक सुनुवाइबाट प्राप्त सुझाव, गुनासा र पृष्ठपोषणलाई नीति निर्माण, योजना तर्जुमा तथा सेवा सुधार प्रक्रियासँग आबद्ध गरिनेछ।

६. गाउँपालिकाको संस्थागत क्षमता, सुशासन, वित्तीय अनुशासन, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा सुधार ल्याउन स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सूचकहरूलाई वार्षिक योजना, कार्यक्रम तथा बजेटसँग आबद्ध गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

७. महालेखा परीक्षकबाट औँल्याइएका बेरुजुहरूलाई नियमित अनुगमन तथा समीक्षा प्रणालीमार्फत समयमै फछ्र्यौट गरिनेछ। असुलउपर गर्नुपर्ने बेरुजु रकम प्रचलित कानुन बमोजिम असुलउपर गरिने, पेश्की फछ्र्यौटलाई प्रभावकारी बनाइने तथा भविष्यमा बेरुजु न्यून हुने गरी वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद प्रक्रिया र आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गरिनेछ। बेरुजु असुलउपर तथा फछ्र्यौट कार्यलाई अभियानका रूपमा सञ्चालन गर्दै आर्थिक वर्ष २०८३/०८४ लाई **"बेरुजु फछ्र्यौट तथा असुलउपर वर्ष"** का रूपमा मनाइनेछ।

८. योजना तथा बजेट कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न खरिद गुरुयोजना, वार्षिक खरिद योजना तथा वार्षिक कार्ययोजना तयार गरी भदौ मसान्त भित्रै लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाइनेछ। खरिद तथा योजना कार्यान्वयनको प्रगति नियमित समीक्षा गरी वित्तीय तथा भौतिक प्रगति लक्ष्यअनुसार हासिल गरिनेछ।

९. जिन्सी व्यवस्थापनलाई व्यवस्थित बनाउन वार्षिक जिन्सी निरीक्षण सम्पन्न गरी काम नलाग्ने सामग्रीहरूको कानुनबमोजिम लिलाम तथा मिन्हा गर्ने व्यवस्था मिलाइनेछ।

## ग) राजश्व तथा राजश्व परिचालन

१. गाउँपालिकाको आन्तरिक आय बढाउन करको दायरा विस्तार गरिनेछ। सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्कलाई बैज्ञानिक र व्यवहारिक बनाउनुका साथै प्राकृतिक स्रोत र सार्वजनिक सम्पत्तिको उपयोगलाई व्यवस्थित र नियमन गरी आय अभिवृद्धि गरिनेछ ।

२. वडा कार्यालयमा नै व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाइनेछ । व्यवसाय दर्ता गर्ने कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ । दर्ता नभएका फर्महरुबाट गाउँपालिकाको आर्थिक कारोबारलाई पुर्ण रुपमा बन्द गरिनेछ ।

३. नेपाल सरकारको नीति तथा आन्तरिक राजस्व विभागसँगको समन्वयमा महाबु गाउँपालिकाभित्रका व्यवसायीहरूलाई स्थायी लेखा नम्बर (PAN) प्रदान गर्ने तथा विभागबाट प्राप्त प्रणाली पहुँच (Access) को आधारमा करदाता प्रशासनसम्बन्धी सेवाहरू आगामी आर्थिक वर्षदेखि गाउँपालिकाबाटै प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

## घ) योजना तथा विकास परिचालन र अन्तरसरकारी समन्वय

१. योजना तथा विकास कार्यक्रमहरूको गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न योजना सम्झौतापूर्व प्राविधिक, प्रशासनिक तथा सामुदायिक पक्षको स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। साथै योजना कार्यान्वयनका सम्पूर्ण चरणमा नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई सुदृढ बनाइनेछ।

२. गाउँपालिकाको समग्र विकासलाई योजनाबद्ध, समावेशी र परिणाममुखी बनाउन आवधिक योजना, वार्षिक विकास कार्यक्रम तथा बजेटबीच प्रभावकारी समन्वय गरी विकास परिचालन गरिनेछ।
३. संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, समन्वय र साझेदारीलाई सुदृढ गर्दै विकास आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
४. अन्तरसरकारी वित्तीय हस्तान्तरण, साझेदारी कार्यक्रम तथा विशेष अनुदानका अवसरहरूको अधिकतम उपयोग गरी स्थानीय विकासका प्राथमिकताहरू सम्बोधन गरिनेछ।
५. विकास निर्माण कार्यमा दोहोरोपन न्यूनीकरण, स्रोत—साधनको प्रभावकारी उपयोग तथा सेवा प्रवाहमा एकरूपता कायम गर्न अन्तरसरकारी समन्वयलाई संस्थागत गरिनेछ।
६. स्थानीय आवश्यकता, सम्भाव्यता र जनअपेक्षाका आधारमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।
७. भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा भूमिहीन दलितहरूको जग्गा व्यवस्थापन र लालपुर्जा वितरणका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय, सहजीकरण तथा पहल गरिनेछ।
८. गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका बर्गिकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड २०८३ बमोजिम महाबु गाउँपालिकाको विद्यमान वर्गिकरणमा पुनरावलोकन गर्न आवश्यक निर्णय गरी प्रक्रिया अगाडी बढाइनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनबाट महाबु गाउँपालिकाको समृद्धी र विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै, महाबु गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध व्यक्तित्वहरुमा हार्दिक अपिल गर्दछु ।आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाब तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको

आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत, साधन एवं कमजोर आन्तरिक आयको कारण आम जनताको आकांक्षा अनुरुप एवं हामीले सोचेको आर्थिक, सामाजिक विकास र सम्वृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन तथापी यो नीति तथा कार्यक्रममा समाबेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिने छ र निर्दिष्ट निति तथा कार्यक्रम बमोजिम बजेट तर्जुमा गरिनेछ । सीमित स्रोत र साधनबाट दीगो विकास, समृद्धि र सुशासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाई यो युगिन जिम्मेवारी -सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०८३ असार ७

**जंग बहादुर शाही**
**गाउँपालिका अध्यक्ष**
महाबु गाउँपालिका दैलेख